# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ४ मितिः २०८२/०२/२३

भाग — २

## देवघाट गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८२

# देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०२/२३

प्रमाणीकरण र प्रकाशन मितिः २०८२/०२/२३

**प्रस्तावनाः**

गाउँपालिका क्षेत्रभित्र हुनसक्ने लैङ्गिक हिंसाका घटनाहरुलाई न्यूनीकरण गर्ने, निवारणका कार्यक्रमहरु सञ्चालन गर्ने हिंसामा परेकाहरुको लागि आवश्यक सहयोग पुर्याउने उद्देश्यले छुट्टै कोष स्थापना गर्न वाञ्छनीय भएकोले देवघाट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा (४) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी देवघाट गाउँपालिकाले यो कार्याविधि स्वीकृत गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “देवघाट गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८२” रहेको छ ।

(२) यो कार्यविधि देवघाट गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरे पश्चात लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “कार्यालय" भन्नाले देवघाट गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(ख) “कोष" भन्नाले दफा (३) बमोजिम लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्दछ ।

(ग) “पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा आश्रित व्यक्ति सम्झनुपर्दछ ।

(घ) “लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्दछ ।

(ङ) “सञ्चालक समिति" भन्नाले नियम (६) कमोजिम कोष सञ्चालक समिति सम्झनुपर्दछ ।

**३. कोषको स्थापनाः**

(१) “लैङ्गिक हिंसा निवारण कोष" नामको एक कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

क) गाउँपालिकाबाट प्राप्त रकम,

ख) व्यक्ति, संघ संस्था वा नेपाल सरकारबाट प्राप्त रकम,

ग) अन्य कुनै निकाय वा व्यक्तिबाट प्राप्त रकम ।

(३) उपनियम (२) बमोजिमको रकम सरकारी कारोवार निर्देशिका, २०७६ बमोजिको विविध खातामा जम्मा गरिनेछ ।

**४. कोषको खर्चः**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन खर्च गरिनेछः-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गर्न,

(घ) कानुनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि बीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडित व्यक्तिको हक हितको संरक्षण गर्न,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिम अन्य काममा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोरकिशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिनेछ ।

**५. कोषको रकम अन्य काममा खर्च गर्न नहुनेः**

(१) कोषको रकम दफा (४) मा लेखिए बाहेकको अन्य कार्यमा खर्च गरिनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समिति तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न पाइनेछैन ।

**६. सञ्चालक समिति गठनः**

(१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) स्थानीय प्रहरी चौकीको प्रमुख - सदस्य

(घ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुमध्यबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना - सदस्य

(ङ) महिला तथा बालबालिका शाखा हेर्ने कर्मचारी - सदस्य-सचिव

**७. सञ्चालक समितिको काम कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) लैङ्गिक हिंसा निवारणको लागि देवघाट गाउँपालिकाबाट स्वीकृत नीति योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) गाउँपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(घ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ङ) लैङ्गिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने गराउने ।

**८. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने आधारहरुः**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग पुर्याउने आधारहरु देहाय बमोजिम छन्ः-

(क) पीडितलाई तत्काल उद्धार गर्न पर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भएमा सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम खाना खर्च र बास बस्नु पर्ने भएमा सो बापत छुट्टै रकम दिने ।

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सार्वजनिक सवारी साधन प्रयोग गर्नुपर्ने भएमा भाडा रकम, खाना खर्च र बाहिर बास बस्नुपर्ने भएमा बढीमा तीन दिनको बास खर्च र उपचार खर्च उपलब्ध गराउन सकिनेछ ।

(ग) कानुनी सहायता वा मनोवैज्ञानिक उपचार, मनोविमर्शका लागि पाँच हजार रुपैया नबढ्ने गरी लागेको यथार्थ खर्च उपलब्ध गराइनेछ ।

(घ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैया उपलब्ध गराउन सकिनेछ ।

(ङ) सञ्चालक समितिले तोके बमोजिम अन्य कामको लागि प्रकृति हेरी बढीमा दश हजार रुपैया उपलब्ध गराउन सक्नेछ ।

(च) यसमा उल्लेख भए बाहेकको हकमा समितिले तोके बमोजिम हुनेछ ।

**९. सञ्चालक समितिको बैठक र निर्णयः**

(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सञ्चालक समितिको कूल सदस्य संख्याको पचासप्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफूमध्यबाट छानेको सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. कार्यालयलाई रकम उपलब्ध गराउनेः** पीडितलाई राहत तथा सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकासा गर्न निर्णय गर्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः**

(१) यस कारुयविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव देखिएको कारण देखाई वडा कार्यालयको सिफारिस सहित न्यायिक समितिको सिफारिस मार्फत महिला तथा बालबालिका शाखामा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम १ बमोमजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा सञ्चालक समितिले नियम १० को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१२. तत्काल रकम उपलब्ध गराउन सक्नेः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार औषधि उपचार पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट कार्यसमितिले दिएको अधिकार बमोजिम बढीमा दश हजार रुपैयामा नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवस्था परी सञ्चालक समितिको संयोजकबबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि त्यसरी बस्ने सञ्चालक समितिको कैठकबाट सो विषयको अनुमोदन गराउनुपर्नेछ ।

**१३. थप रकम निकासा माग गर्न सक्नेः**

(१) सञ्चालक समितिबाट कार्यालयको नाममा निकासा भएको रकम अपर्याप्त भएमा कार्यालयले सोको कारण खुलाई सञ्चालक समितिसँग रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा सञ्चालक समितिले कार्यालयको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासाको निर्णय गर्न सक्नेछ ।

**१४. कोषको खाता सञ्चालनः**

(१) कार्यालयले सञ्चालक समितिबाट प्राप्त भएको रकम सरकारी कारोवार निर्देशिका, २०७६ बमोजिमको विविध खातामा जम्मा गर्नुपर्नेछ ।

(२) उपनियम १ बमोजिमको खाता सञ्चालन कार्यालय प्रमुख र लेखा अधिकृतको संयुक्त दस्तखतबाट मात्र हुनेछ ।

**१५. कोषको लेखा र लेखा परीक्षणः**

(१) कोषको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१६. प्रतिवेदन पेश गर्नेः**

(१) राहत समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका कामकारवाहीको प्रतिवेदन सञ्चालक कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) कार्यालयले वार्षिक प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**१७. बैठक भत्ताः** सञ्चालक समितिका संयोजक र सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँपालिकाले तोके बमोजिमको बैठक भत्ता पाउनेछन् । तर यस कार्यविधि बमोजिमको कोषबाट यस शीर्षकमा खर्च गर्न पाइनेछैन ।

**१८. निर्देशन दिन सक्नेः** कार्यपालिकाले सञ्चालक समितिको काम कारवाही सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**१९. बाधा अड्काउ फुकाउः** यस कार्यविधिको व्याख्या, संशोधन र खारेजी गर्ने सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा रहनेछ । यसमा उल्लेख गरिएका कुनै कुरा प्रचलित संघीय र प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले
जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत